## २०७७।०७।०२ गतेको बैठकका निर्णयहरुः

निर्णय नं. १ बडा दशै, नेपाल संवत, शुभ दिपावली तथा छठ पर्वहरु अवसरमा सम्पूर्ण नगरवासीहरुमा शुभकामना आदान प्रदान गर्ने ।

निर्णय नं. २ उपभोक्ता समिति मार्फत गरिने काममा वडा सचिवलाई पनि जिम्मेवार वनाउने । रु ५ लाखसम्मका योजना सम्झौता गर्न वडा सचिवलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ३ न्यायिक समितिको वैठकमा सहभागी हुने १ जना कर्मचारीलाई प्रति बैठक रु ५००।- उपलव्ध गराउने ।

निर्णय नं. ४ वडा नं. ४ स्थित चौकी भन्ज्याङ्ग सडक विग्रेकोले तत्काल मर्मत गर्नको लागि रु ५,००,०००।- नगर भैपरि कोषबाट विनियोजन गर्ने ।

निर्णय नं. ५ नगरपालिकाबाट तयार भएको नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यविवरण स्वीकृत गर्ने ।

निर्णय नं. ६ आगामि नगरसभाबाट अनुमोदन हुने गरी कात्तिके वोझिनीछाप सडक (ट्रिपर मार्ग) निर्माणको गत वर्षको ठेक्का मार्फत कार्यान्वयन भएको योजनाको लागि पूर्वाधार विकास कोषको रकमबाट २४,००,०००।- खर्च गर्न स्वीकृत दिने ।

निर्णय नं. ७ नगरपालिकाबाट तयार भएको व्यवसाय दर्ता सम्वन्धी कार्यविधि २०७७ पारित गर्ने ।

निर्णय नं. ८ पुखुलाछीमा नगर अस्पताल निर्माणको लागि मिति २०७४।८।६ को कार्यपालिकाको निर्णयवाट साविक पुखुलाछी वडा नं. ८ग कि.नं. ५४ करिव ३-०-०-० को जग्गामा नगर अस्पताल निर्माणको लागि जग्गा छनौट समिति गठन गरी प्रतिवेदन समेत प्राप्त भएकोमा उक्त जग्गा नगर अस्पतालको लागि कम हुने हुँदा साविक पुखुलाछी ४क कि.नं. १४३ क्षेत्रफल १५-१२-२-० जग्गामा नगर अस्पताल वनाउन स्विकृती दिने । ईन्द्रायणी २(१) ४०१ क्षेत्रफल ३०-४-०-१ मध्ये करिव ८-०-०-० मा ईन्द्रायणी नगर अस्पताल बनाउन जग्गा उपलव्ध गराउन प्रकृया अगाडि बढाउने ।

निर्णय नं. ९ नगर वसपार्क निर्माणको लागि साविक पुखुलाछी ७क कि.नं. १४३ क्षेत्रफल १७-११-१-० तथा जहरसिंहपौवामा महिला तथा वालवालिका अस्पताल निर्माण गर्नका लागि करिव १७-११-१-०-० सार्वजनिक जग्गा उपलव्ध गराउन प्रकृया अगाडि बढाउने ।

निर्णय नं. १० पाँचौ नगर सभाबाट स्वीकृत संगठन संरचना अनुसार रिक्त रहेका निम्न पदहरु पूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाउने ।

| | |
|---|---|
| (क) सि.डि.ई. नवौं तह | १ |
| (ख) आर्किटेक ईन्जिनियर छैठौं तह | १ |
| (ग) अधिकृत छैटौं (कानून) | १ |
| (घ) प्रा.स.(कृषि) पाँचौ तह | २ |
| (ङ) सव-ईन्जिनियर पाँचौ तह | २ |
| (च) लेखा सहायक पाँचौ तह | १ |

निर्णय नं. ११ मणिचुड खानेपानी वडा नं. ८ र नाङले खानेपानी वडा नं. १ को पाईपलाईन विस्तार गर्न जनस्तरमा तथा राष्ट्रिय निकुञ्जमा समन्वय गरी गर्नु पर्ने हुँदा १५ लाख वरावरको खन्ने पुर्ने काम उपभोक्ता समिति मार्फत गराई वाँकी काम टेण्डर प्रकृयावाट गर्ने ।

निर्णय नं. १२ वडा नं. ९ स्थित नगर अस्पताल जाने बाटो तत्काल मर्मत गर्नका लागि अनुमानित २० टिप ग्राभेल राख्नको लागि  लगाउन, बानिया गाउँमा मेसिनरी वाल निर्माण गर्न र गोठ गाउँ जाने सडकमा मेसिनरी वाल निर्माण गरी मर्मत गर्नका लागि रु ५,००,०००।- नगर भैपरि आउने शिर्षकबाट खर्च गर्ने ।

निर्णय नं. १३ स्थानीय पाठ्य पुस्तक तयार गर्ने क्रममा शङ्खरापुर शब्द शुद्ध भएको पाईएकोले यस नगरपालिकाको नाम **“शङ्खरापुर”** कायम गर्ने ।

निर्णय नं. १४ स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भएको जरिवाना रकम आगामि नगर सभाबाट अनुमोदन हुने गरी डोजर तथा एक्साभेटर, वालुवा, ढुङ्गा, माटोको जरिवाना तपशिल बमोजिम तोक्ने ।

**तपशिल**

**बालुवा**

| क्र.सं. | विवरण | ट्रिपर | आईचर | ९०९ |
|---|---|---|---|---|
| १ | पहिलो पटक | २००००।- | १२०००।- | ८०००।- |
| २ | दोश्रो पटक | ३००००।- | २००००।- | १५०००।- |
| ३ | तेश्रो पटक देखि प्रत्येक पटक | ५००००।- | ३००००।- | २००००।- |

**ढुङ्गा**

| क्र.सं. | विवरण | ट्रिपर | आईचर | ९०९ |
|---|---|---|---|---|
| १ | पहिलो पटक | १००००।- | ८०००।- | ५०००।- |
| २ | दोश्रो पटक | १५०००।- | १२०००।- | ७०००।- |
| ३ | तेश्रो पटक देखि प्रत्येक पटक | २००००।- | १५०००।- | १००००।- |

**माटो**

| क्र.सं. | विवरण | ट्रिपर | आईचर | ९०९ |
|---|---|---|---|---|
| १ | पहिलो पटक | २०००।- | १०००।- | ५००।- |
| २ | दोश्रो पटक | ३०००।- | २०००।- | १०००।- |
| ३ | तेश्रो पटक देखि प्रत्येक पटक | ५०००।- | ३०००।- | २०००।- |

**बिना अनुमति डोजर तथा एक्साभेटर प्रयोग भएको पाईएमा**

| क्र.सं. | विवरण | रकम रु | क्र.सं. | विवरण | रकम रु |
|---|---|---|---|---|---|
| १ | पहिलो पटक | २०००।- | २ | दोश्रो पटक | ३०००।- |
| ३ | तेश्रो पटक | ५०००।- | ४ | चौथो पटक | ७०००।- |
| ५ | पाँचौ पटक देखि प्रत्येक पटक | | | | १००००।- |

निर्णय नं. १५ स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भएको तपशिल बमोजिमको दस्तुर आगामि नगर सभाबाट अनुमोदन हुने गरी कवाडी पसल दर्ता/नविकरण तथा एग्रोभेट पसल दर्ता/नविकरण दस्तुर तोक्ने ।

| क्र.सं. | विवरण | दर्ता रकम रु | नविकरण रु | क्र.सं. | विवरण | दर्ता रकम रु | नविकरण रु |
|---|---|---|---|---|---|---|---|
| १ | कवाडी पसल | २०००।- | ३०००।– | २ | एग्रोभेट | २०००।- | १०००।- |

निर्णय नं. १६ भवन निर्माण स्वीकृतिको हकमा **Built-up Area 3000sqft** भन्दा कम क्षेत्रफल भएको भवनको नक्सा प्रमाणित गर्ने अधिकार पूर्वाधार विकास, भवन तथा वातावरण शाखा प्रमुखलाई दिने ।

निर्णय नं. १७ लावण्य पर्यटन विकास कम्पनी प्रा.ली.ले थानाभन्ज्याङ क्षेत्रको डि पि आर तयारको लागि प्रश्ताव पेश गरेको सम्वन्धमा छलफल गर्दा **पूजीगत परामर्श खर्च (गुरुयोजना) शिर्षकबाट** रकम खर्च गर्ने गरी डि पि आर तयार गर्ने ।

निर्णय नं. १८ भगवती मा.वि. को भवन USAID को आर्थिक सहयोगमा निर्माण भएकोले सो को मर्मत संभार लगायतका काम गर्न अक्षय कोष स्थापनाको लागि आर्थिक सहायता अनुदान कोषबाट रु २ लाख उपलव्ध गराउने ।

निर्णय नं. १९ यस नगरपालिकाको GESI Policy तयार गर्न आवश्यक भएकोले होमनेट नेपालको वजेटबाट GESI Policy बनाउन अनुरोध गर्ने ।

निर्णय नं. २० भूमि सम्बन्धी समस्या समाधान आयोगको पत्र पढेर सुनाईयो सो सम्वन्धमा आवश्यक सजगता अपनाउने ।

निर्णय नं. २१ सम्पदा वस्ती सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०७४ स्वीकृत गर्ने ।

निर्णय नं. २२ वडा कार्यालयहरुबाट सर्जमीन मुचुल्का तयार गर्दा रु २०००।- प्रति मुचुल्का लिने र रोहवरमा बसेका व्यक्तिहरुलाई सर्जमीन मुचुल्काको राजश्वको ५० प्रतिशत उपलव्ध गराउने गरी कार्यविधि तयार गर्ने ।

निर्णय नं. २३ यस नगरपालिकामा कर्मचारीहरु करारमा राख्दा कार्यपालिका बैठकमा छलफल गरेर राख्ने कुरालाई प्राथमिकता दिने ।

निर्णय नं. २४ नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने ।

निर्णय नं. २५ यस नगरपालिका वडा नं. ७ स्थित श्री मदर्स होम मन्टेश्वरीलाई मिति २०७७।४।१८ गते नगर प्रमुखस्तरीय निर्णयबाट कक्षा १ को स्वीकृति दिने गरी भएको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. २६ आ.ब. २०७५।७६ मा यस नगरपालिकाको ठेक्का नं. SMO/NCB.16/75-76 बाट आ.ब. २०७६।७७ को लागि स्थानीय सडक मर्मत संभार शुल्क दस्तुर संकलनका लागि बोलपत्र आब्हान गरेकोमा R.B Construction and Suppliers pvt. ltd Gokarneswar-08, Kathmandu ले मु.अ.कर समेत रु १,८१,००,०००।- कबोल गरी यस कार्यालयको संचित कोष खातामा जम्मा गरी सो अनुसार सम्झौता भएकोमा कोरोना भाईरसका कारण बन्दाबन्दीको समयमा उक्त शुल्क संकलन गर्न नपाएकोले सो अवधिको रकम फिर्ता पाउँ भनी यस कार्यालयमा निवेदन दिनु भएको, यसै प्रकृतिको विषयमा कागेश्वरी मनोहरा नगरपालिकामा मिति २०७७।६।७ को कार्यपालिकाको निर्णय तथा मिति २०७७।६।२९ नगर प्रमुखस्तरीय निर्णयबाट बन्दावन्दीको समय ११० दिन कायम गरेको आधार समेत हुँदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी बन्दाबन्दीको समय ११० दिन कायम गरी दामासाहीले हुने रकम रु ५४,८२,८२१।- संचित कोषमा भएको रकमबाट फिर्ता दिने ।

## २०७७।०४।३२ गतेको बैठकका निर्णयहरुः

निर्णय नं. १ आर्थिक वर्ष २०७७।७८ मा निकासी कर संकलनका लागि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्ने सम्वन्धी बोलपत्र आव्हान गरेकोमा अर्थिक मामिला तथा योजना मन्त्रालय, वागमती प्रदेशको प.सं. २०७७।७८ च.नं. ८९ मिति २०७७।४।१९ को पत्रवाट बन्दाबन्दीको अवस्था कर संकलन गर्न नपाएको अवधि थप गर्न सकिने तर राजश्व फिर्ता गर्न नसकिने भन्ने व्यहोराको पत्र आएकोले मिति २०७७ भाद्र १ देखि कार्तिक २२ सम्म पुरानै ठेक्काबाट रकम संकलन गरिने भनी कागेश्वरी मनोहरा नगरपालिकाबाट पत्राचार भएकोले यस नगरपालिकाबाट प्रकाशित भएको सूचना संसोधन गरी आगामि नगरसभाबाट अनुमोदन हुने गरी आय ठेक्काको रकम रु ५,०१,००,०००।- कायम गर्ने ।

निर्णय नं. २ गत आ.व. २०७६।७७ मा स्थानीय सडक मर्मत संभार शुल्क संकलनको लागि आय ठेक्काको बोलपत्र प्रकाशन गरी यस नगरपालिका र आर बि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. बीच सम्झौता भई शुल्क संकनल गर्दै गरेको तर नेपाल सरकारबाट जारी बन्दाबन्दीको कारणले शुल्क संकलन गर्न नपाएको हुँदा उचित क्षतिपूर्ति पाउँ भनी निवेदन दिएकोले अर्थिक मामिला तथा योजना मन्त्रालय, वागमती प्रदेशको प.सं. २०७७।७८ च.नं. ८९ मिति २०७७।४।१९ को पत्र तथा उक्त मन्त्रालयको मा.मन्त्रीस्तरको मिति २०७७।४।३२ को निर्णयका आधारमा बन्दाबन्दीको अवधि ८३ दिन मिति २०७७ भाद्र १ गते देखि २०७७ कार्तिक २२ गतेसम्म आगामि नगरसभाबाट अनुमोदन हुने गरी शुल्क संकलनको म्याद थप गर्ने ।

निर्णय नं. ३ ६ नं. वडाको लागि खाद्यान्नको लागि रोजगार कार्यक्रममा स्थानीय विपद् व्यवस्थापन कोषवाट खर्च भएको रकम रु २,६०,६५५।७१ अनुमोदन गर्ने ।

निर्णय नं. ४ ७ नं. वडाको लागि खाद्यान्नको लागि रोजगार कार्यक्रममा स्थानीय विपद् व्यवस्थापन कोषवाट खर्च भएको रकम रु २,९०,१०६। अनुमोदन गर्ने ।

निर्णय नं. ५ ५ नं. वडाको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च भएको रकम रु ५,६०,६५५।७१ अनुमोदन गर्ने ।

निर्णय नं. ६ आ.व. २०७७।७८ को लागि यस नगरपालिकाको योजना/कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि योजना/कार्यक्रम कार्यान्वयन कार्ययोजना पारित गर्ने ।

निर्णय नं. ७ सलम्वु वन सिटिभिटि सडक स्तरोन्नतीको लागि आ.व. २०७७।७८ मा सक्ने गरी बहुवर्षिय खरिद योजना स्वीकृत गर्ने ।

निर्णय नं. ८ कठनचोक भुल्भु सडक स्तरोन्नतीको लागि आ.व. २०७७।७८ मा सक्ने गरी बहुवर्षिय खरिद योजना स्वीकृत गर्ने ।

निर्णय नं. ९ बज्रयोगिनी पार्क निर्माणको लागि आ.व. २०७७।७८ मा सक्ने गरी बहुवर्षिय खरिद योजना स्वीकृत गर्ने ।

निर्णय नं. १० श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्रवाट कोरियामा नेपाली श्रमिकहरु पठाउने विधिको वारेमा वडाहरुमा पत्राचार समेत भैसकेकोले सो अनुसार वडा कार्यालयहरुले स्थानीयवासीहरुमा जानकारी गराउने ।

निर्णय नं. ११ यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आवत जावतमा सहज वनाउन चावहिल चोक देखि यस कार्यालयसम्म ल्याउन दैनिक कर सहित रु २५००।- तिर्ने गरी बस भाडामा लिने निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. १२ रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक सेवा करारमा राख्नका लागि गठन गरिएको छनौट तथा पदपूर्ति समितिलाई अनुमोदन गर्ने ।

निर्णय नं. १३ पिपुल्स लाईफ केयर अस्पताललाई सहुलियतमा एम्वुलेन्स खरिदको लागि जिल्ला एम्वुलेन्स व्यवस्थापन समितिलाई राजश्व छुटको लागि गरिएको सिफारिस अनुमोदन गर्ने ।

निर्णय नं. १४ आ.ब. २०७६।७७ को सम्पत्ति विवरण २०७७।५।२७ गते भित्र यस नगरपालिकामा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको वेभ पेजमा दर्ता गर्ने ।

निर्णय नं. १५ मालपोत कार्यालय, साँखुबाट सार्वजनिक बाटोको विषयमा भएको पत्राचारको बारेमा यस बैठकमा जानकारी गराईयो ।

निर्णय नं. १६ मनोविमर्श सेवा सन्चालन कार्यविधि, २०७७ पारित गर्ने ।

निर्णय नं. १७ वडा कार्यालयहरुवाट वा उपभोक्ता समितिहरुवाट पहिला काम गरे पछि विल पठाउने प्रचलन रहेकोले यसो नगरी पहिले कार्यक्रम स्वीकृत गरेर मात्र काम गर्ने गरी निर्देशन दिने ।

निर्णय नं. १८ वडा कार्यालय, स्वास्थ्य चौकीहरुमा सहयोगी कर्मचारीहरु आवश्यक भएमा नगरपालिकामा लिखित पत्राचार नगर कार्यपालिकाको निर्णय अनुसार गर्ने ।

निर्णय नं. १९ कोभिड-१९ को कारण नगरपालिका, वडा कार्यालयहरुवाट प्रवाह हुने सेवा १५ दिन स्थगन गरिएकोमा सो को समर्थन गर्ने ।

निर्णय नं. २० एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संसोधन), २०७७४ पारित गर्ने ।

निर्णय नं. २१ सम्पदावस्ती सम्बन्धी (पहिलो संसोधन) कार्यविधि (पहिलो संसोधन), २०७७ पारित गर्ने ।

निर्णय नं. २२ नगरपालिका क्षेत्रभित्रका मनमत्ता खोला, शालिनदी खोला, सुके खोला लगायत अन्य खहरे, खोल्सीहरुवाट निकालिएको वालुवाहरुको IEE प्रकृया अगाडि बढी सकेकोले IEE स्वीकृत भएर ठेक्का प्रकृया शुरु नहुन्जेलसम्मको लागि स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भएको तपशिल अनुसारको दररेटमा आगामि नगरसभाबाट अनुमोदन हुने गरी नियमानुसार अमानतमा उठाउन प्रकृया अगाडि वनाउने ।

**निकासी कर**

बागमती प्रदेशले तोके बमोजिम

**खानी तथा दहत्तर बहत्तर शुल्क**

(क) टिपर ३०००।- (ख) आईचर मझौला २०००।-

(ग) ९०९ मोडल १५००।- (घ) निशान १०००।-

(ङ) ट्याक्टर ५००।-

निर्णय नं. २३ कोरोना भाईरस (कोभिड-१९) को संक्रमण रोकथामको लागि यस नगरपालिकामा हालसम्म अस्पताल नभएकोले वडा नं. ९ मा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी नगर अस्पतालको रुपमा १०० वटा वेडको Isolation तयार गर्न पर्याप्त स्थान भएकोले सो को लागि आवश्यक जनशक्ति र सामग्री सहितको सहयोगको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडालाई अनुरोध गर्ने ।

निर्णय नं. २४ संस्कृति, पर्यटन तथा नागरिक उडड्यलन मन्त्रालयले स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्ने सम्वन्धमा यस नगरपालिका क्षेत्रभित्रको वडा नं. ६ स्थित सलम्वु वन र वडा नं. ८ स्थित बुद्ध पार्क (शान्ति पार्क) को पूर्वाधार निर्माण गर्नको लागि निर्देशिका बमोजिमको लागत साझेदारी गर्ने गरी संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. २५ साँखु स्वास्थ्य चौकी निर्माणको साविक साल्खा वडा नं.१ख कि.नं. ९१, ९२, ९३, ९४, ९५, ९६, ९७ र ७९ उपलव्ध गराईएकोमा नपुग हुने जग्गाको लागि कि.नं. ८४ र ८३ को सार्वजनिक जग्गासमेत प्रयोग गरी भवन निर्माण प्रकृया अगाडि बढाउने ।